"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२/०८३
चलानी नं. :

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मितिः-२०८२/०५/१८

## विज्ञप्ती

**आदरणीय नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु,**

पाँचखाल नगरपालिका सदैव पाँचखालवासीको हित तथा समृद्दीको लागि अनवरत कार्य गर्दै आइरहेको यहाँहरु सबैलाई विदित नै छ।

पछिल्लो समय पाँचखाल नगरपालिका वडा नं ८ मा स्थापना तथा सञ्चालनमा आउने भनिएको आस्फल्ट ब्याचिङ प्लान्टका विषयमा आम नगरवासीहरुको चासो र जिज्ञासा रहेको हामीले महशुस गरेका छौं। पाँचखाल नगरले कहिले पनि पाँचखालवासीको अहितमा काम नगरेको र सधैं जनभावना वमोजिम सहमती तथा सहकार्यलाई जोड दिदै आइरहेको छ। तसर्थ आस्फल्ट ब्याचिङ प्लान्टका विषयमा नगरपालिकाको धारणा नगरवासी समक्ष जानकारी गराउनुपर्ने कर्तव्य ठानी प्लान्टका सन्दर्भमा नगरपालिकाको धारणा थप स्पष्ट पार्न चाहन्छु।

पाँचखाल नगरपालिका वडा नं ८ मा आस्फल्ट ब्याचिङ प्लान्ट स्थापना तथा संचालनका सम्बन्धमा वन्दन भगवती निर्माण सेवा प्रा.लि.ले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्न TOR पेश गरेको सन्दर्भ, सूर्यविनायक-धुलिखेल सडक आयोजनाको च.नं. ७१७, मिति २०८२/०१/०५ को पत्र एवं पाँचखाल नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८ वमोजिम पाँचखाल नगर कार्यपालिकाको मिति २०८२/०४/०८ को निर्णयबाट सो TOR स्वीकृत गरिएको हो तर उद्योग सञ्चालन तथा निर्माणको लागि स्वीकृती दिइएको छैन।

आदरणीय नगरवासीहरु, हाल उद्योग सञ्चालनमा आइनसकेको अवस्था रहेकोले IEE को प्रतिवेदन प्राप्त भए पछि जनताको भावना र मर्मलाई आत्मसाथ गर्दै पाँचखाल क्षेत्र भित्र सञ्चालन हुने उद्योग जनस्वास्थ्य र वातावरणमा हानी नपुर्याउने एवम् स्थानीय जनताको हितमा हुने अवस्थामा मात्र सञ्चालन हुनुपर्छ भन्ने विषयमा यस पालिका सदैव सचेत रहेको व्यहोरा अनुरोध गर्दछु।

यस आस्फल्ट प्लान्टको सन्दर्भमा IEE प्रतिवेदनमा उल्लेख हुने प्राविधिक, वातावरणीय तथा जनस्वास्थ्यसँग सम्बन्धित पक्षलाई समेत मध्यनजर गर्दै प्लान्ट सञ्चालन अनुमती दिने/नदिने विषयमा जनताको भावनामा कुठाराघात नहुने गरी पाँचखाल नगरवासीको हित हुने अवस्थामा मात्र प्रचलित कानून वमोजिम स्वीकृती दिने/नदिने सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय लिने व्यहोरा अनुरोध गर्दछु। जनताको हितमा यस पालिका सदैव प्रतिवद्ध रहेको पुनः स्मरण गराउँदै प्लान्ट सञ्चालनका सम्बन्धमा नगरवासीहरुमा देखिएको अस्पष्टतालाई स्पष्ट पार्दछु।

महेश खरेल
नगर प्रमुख
पाँचखाल नगरपालिका

महेश खरेल
नगर प्रमुख